# अवकाश वा रोजगारीको अन्त्य भएपश्चात अनलाइनबाट भुक्तानी लिने प्रक्रिया

**स्टेप १. sosys.ssf.gov.np मा click गरी Contributor Portal मा जानुहोस् ।**

*Contributor Portal मा Username, SSID र Password राख्नुहोस् । Username र SSID भनेको ठाउँमा ११ अंकको सम्वन्धित योगदानकर्ताको सामाजिक सुरक्षा कोष नं. राख्नुहोस् । Password विर्सिएमा वा Login हुन नसकेमा password reset वटनमा क्लिक गर्नुहोस् त्यसपछि तपाईले KYC UPDATE गर्दा राख्नुभएको Mail ID मा लिंक जानेछ । त्यो लिंकमा क्लिक गरी पासवर्ड परिवर्तन गर्नुहोस् ।*

**स्टेप २. Contributor Portal भित्र After Employment भन्ने मेनुमा withdraw सव मेनुमा क्लिक गर्नुहोस् ।**

*After Employment मेनु देखिनको लागि योगदानकर्तालाई रोजगारदाताले Employer Portal बाट Terminate गर्नुपर्नेछ अन्यथा यो अप्सन देखिदैन ।*

**स्टेप ३. यदि योगदानकर्ताले आफ्नो KYC विवरणमा वाँकि विवरण भरेको छैन भने सो भरे पश्चात मात्र रकम फिर्ता लिने निवेदन भर्न सक्नुहुनेछ ।**

**स्टेप ४. Pension fund मा जम्मा भएको रकमलाई Gratuity मा transfer गर्नका निम्ति "के तपाई pension amount लाई gratuity amount मा transfer गर्न चाहनुहुन्छ ?" भन्ने checkbox देखिनेछ जसमा Tick लगाउनुहोस् ।**

*२०७८ असार मसान्त पछि कोषमा पहिलो योगदान सुरु गरेका योगदानकर्तालाई यो सुविधा उपलब्ध नहुने व्यवस्था छ । उहाँहरुले Gratuity Fund मा जम्मा भएको रकमलाई मात्र निकाल्न सक्नुहुनेछ ।*

**स्टेप ५. Pension Type मा All, Percentage Based र Amount मध्ये कुनै एक छनोट गर्नुहोस् ।**

*पेन्सन फन्डबाट All Transfer भएमा कोषमा तपाईको खाता वन्द हुनेछ । खाता वन्द गर्न चाहनुहुन्न भने Percentage based मा वा केही amount राखेर transfer गर्न सक्नुहुनेछ ।*

**स्टेप ६. सो निवेदन फाराममा सेवा निवृत वा रोजगीको अन्त्य कहिले भएको हो सो मिति उल्लेख सहितको कोषलाई रोजगारदाताले लेखको सिफारिस पत्र, राजिनामा पत्र तथा वैंक चेकको फोटो Upload गरी Submit गर्नुहोस् । धन्यवाद ।**

★ ★ ★

*माथिका ६ स्टेप पुरा गरी सबमिट गरेपछि अब सामाजिक सुरक्षा कोषबाट सम्पूर्ण विवरण रुजु भएपश्चात तपाइको वैंक खातामा केहि समयमा रकम जम्मा हुनेछ । विवरणमा केहि समस्याहरु रहेमा कोषले तपाइलाई सन्देश पठाउनेछ ।*

**सामाजिक सुरक्षा कोष**